चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६

प.सं. : २०७६/०७७
च.नं. : ९६८

मिति : २०७६/११/२३

**विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै)
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) ।

प्रस्तुत विषयमा मदिराजन्य पदार्थ आयात, बिक्रि वितरण, ओसारपसार, उत्पादन र सेवन गर्नेलाई दण्ड सजाय गर्ने सम्बन्धी मिति २०७६/११/२२ गतेको निर्णय यसैसाथ संलग्न छ । संलग्न निर्णयको अध्ययन गरी सोही अनुसार आवश्यक कारवाही गर्नु तथा गराउनु हुन अनुरोध छ ।

रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री नगर प्रमुखज्यूको सचिवालय, चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) ।
श्री सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन केन्द्र :- निर्णयहरु नगरपालिकाको वेवसाइटमा अपलोड गर्ने ।

# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
०८८४०११४६


विषय :- गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थ आयात, बिक्रि वितरण, ओसारपसार, उत्पादन र सेवन गर्नेलाई दण्ड सजाय गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७६।११।२०

१. विषयको संक्षिप्त व्यहोरा :- जिल्ला समन्वय समितिको अग्रसरतामा जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा जिल्लाभित्रका प्रतिष्ठित एवम् अधिकार प्राप्त अधिकारीहरु, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु, प्रदेश सभा सदस्यहरु लगायतको उपस्थितिमा मिति २०७५ माघ ५ गते बसेको बैठकले समाजको वृहत्तर हितलाई मध्यनजर गर्दै मदिराजन्य पदार्थको उत्पादन, बिक्रि वितरण लगायतको कार्यलाई व्यवस्थित गर्ने र प्रचलित कानून र मापदण्ड विपरित भए गरेको पाईएमा बन्द गराउने सम्बन्धि निर्णय गरेको थियो । सोही बैठकले रुकुम (पश्चिम) जिल्लाभित्र अनिश्चितकालको लागि मदिराजन्य पदार्थको गैरकानूनी उत्पादन, आयात, बिक्रि वितरण र सेवनमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । जिल्ला समन्वय समितिको उक्त निर्णयको विरुद्धमा केही मदिरा व्यवसायिहरुले उच्च अदालत सुर्खेतमा उक्त निर्णय बदर गरी पाउँ भनि रिट निवेदन दिएको र उच्च अदालत सुर्खेतले समेत जिल्ला समन्वय समितिको उक्त निर्णय मुद्दाको अन्तिम टुङ्गो नलागेसम्मको लागि कार्यान्वयन नगर्नु नगराउनु भनि अन्तरिम आदेश दिएको थियो । सोही अन्तरिम आदेशका विरुद्धमा सम्मानित सर्वोच्च अदालतमा जिल्ला समन्वय समितिको तर्फबाट दायर निवेदनको पक्षमा मिति २०७६ जेठ १ गते सम्मानित सर्वोच्च अदालतबाट जारी अन्तरिम आदेशले जिल्ला समन्वय समितिको निर्णय निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि सदर भई उच्च अदालत सुर्खेतले मदिराजन्य पदार्थको पेशा व्यवसाय गर्न रोक नलगाउनु नरोक्नु भन्ने आदेश उक्त निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि कार्यान्वयन नगर्नु नगराउनु भनि विपक्षिका नाममा अन्तरिम आदेश जारी गरेको अवस्था छ ।

जिल्ला समन्वय समितिको निर्णयानुसार सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश समेतको आधारमा चौरजहारी नगरपालिका मदिराजन्य पदार्थको गैरकानूनी आयात, बिक्रि वितरण, सेवन र उत्पादन गर्न नपाउने गरी मदिरामुक्त भईसकेको छ ।



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

२. प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा :- गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थको आयात विक्रि वितरण उत्पादन र सेवन गर्न नपाउने गरी रुकुम (पश्चिम) जिल्लालाई मदिरा निषेधित क्षेत्र घोषणा गरिसकिएको सन्दर्भमा नगरपालिकाभित्र मदिराजन्य पदार्थको गैरकानूनी आयात, ओसारपसार, विक्रिवितरण, उत्पादन र सेवन गर्ने कार्यहरु दण्डनिय र गैरकानूनी छन् । गैरकानूनी मदिरा निषेधित गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नगरपालिकाको तर्फबाट व्यापक प्रचारप्रसार र घोषणा विपरित कार्य गर्नेलाई कसूरको मात्रा हेरी जरिवाना गर्नुपर्ने देखिन्छ ।

मदिरा ऐन, २०३१ को दफा ११ को उपदफा (१) मा गैर कानूनी ढङ्गले यस ऐन विपरितको कार्य (गैरकानूनी ढङ्गले मदिरा उत्पादन, निकासी पैठारी, विक्रि वितरण लगायतको कार्य) गरेमा छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । ऐ ऐनको ऐ दफाको उपदफा (२) मा यस ऐन विपरितको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

मदिरा विक्रि वितरण नियमन निर्देशिका, २०६५ को दफा ८ मा गैरकानूनी ढङ्गले मदिरा विक्रि वितरण गर्नेलाई देहायको सजाय हुने व्यवस्था छ,

(क) ऐन नियम उल्लंघन भएको अवस्थामा इजाजतपत्र स्वत: रद्द हुनेछ ।

(ख) मदिरा ऐन (संशोधन) सहितको दफा १३ बमोजिम सो कार्यसँग सम्बन्धित मदिरा जफत हुनेछ ।

(ग) अन्त:शुल्क ऐनको दफा १६ को उपदफा (५) को खण्ड (ञ) बमोजिम पटकैपिच्छे रु १०,०००।०० (दश हजार रुपैयाँ) जरिवाना हुनेछ ।

३. प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय :- चौरजहारी नगरपालिका क्षेत्रभित्र गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थ आयात, विक्रि वितरण, उत्पादन र सेवन गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गरी समाजको वृहत्तर हितको लागि उपयोग गर्न गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थको आयात, विक्रि वितरण, उत्पादन र सेवनलाई पूर्ण रुपमा निस्तेज पार्न आवश्यक छ । जिल्ला समन्वय समितिको निर्णय र सर्वोच्च अदालतको अन्तरिम आदेश एवम् सम्मानित सर्वोच्च अदालतले घरेलु मदिरा नियन्त्रणको लागि गरेको फैसलाको



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कार्यान्वयन गरी मदिराको कारण सिर्जित समस्या, विकृति र विसङ्गति, समाजमा घटेका हत्या, बलत्कार, यौनजन्य, घरेलुजस्ता हिंसाजस्ता जघन्य अपराधहरुको अन्त्य एवम् न्यूनिकरण गरी समाजमा सार्वजनिक शान्ति, सुव्यवस्था, अमन चयम कायम गर्दै मानव अधिकार र मौलिक हकहरुको पूर्ण वहाली मार्फत समतामूलक, न्यायपूर्ण र अग्रगामि सोच सहितको समृद्ध समाजको निर्माण गर्न घोषणा र निर्णय विपरित मदिराजन्य पदार्थको आयात, विक्रि वितरण, ओसारपसार, गैरकानूनी उत्पादन र सेवन गर्ने कार्यसँग संलग्न व्यक्ति एवम् त्यसका सहयोगी र मतियारहरुलाई कानून बमोजिमको अधिकतम सजाय र जरिवाना गर्न आवश्यक देखिन्छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :- गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थ उत्पादन, विक्रि वितरण, सेवन, आयात रोकी स्वस्थ, सफा, शान्त, सुशासनयुक्त र न्यायपूर्ण एवम् समतामूलक समाजको निर्माण गर्न सो कार्यमा संलग्न एवम् त्यस्तो कार्य गर्न उद्योग, दुरुत्साहन वा सहयोग गर्ने व्यक्तिहरुलाई तपसिल बमोजिमको दण्ड सजाय गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

<u>तपसिल</u>

१. कुनै व्यक्तिले नगरपालिक्षेत्रभित्र मदिराजन्य पदार्थको गैरकानूनी ढङ्गले आयात, विक्रि वितरण, ओसापसार वा गैरकानूनी उत्पादन गरेमा पहिलो पटक भए रु. ५,०००।०० (पाँच हजार रुपैयाँ), दोस्रो पटक भए रु. १०,०००।०० (दश हजार रुपैयाँ) र तेस्रो पटक भए रु. १५,०००।०० (पन्ध्र रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।

२. कुनै सर्वसाधारण व्यक्तिले मदिराजन्य पदार्थको सेवन गरी होहल्ला गरी वा लैङ्गिक हिंसा वा झैझगडा गरी वा गाली बेइज्जति गरी सार्वजनिक शान्ति, सुरक्षा, अमनचयनमा खलल पुर्‍याएमा वा पुर्‍याउन खोजेमा पहिलो पटक भए रु ३,०००।०० (तीन हजार रुपैयाँ), दोस्रो पटक भए रु ४,०००।०० (चार हजार रुपैयाँ) र तेस्रो पटक भए रु ५,०००।०० (पाँच हजार रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कार्यान्वयन गरी मदिराको कारण सिर्जित समस्या, विकृति र विसङ्गति, समाजमा घटेका हत्या, बलत्कार, यौनजन्य, घरेलुजस्ता हिंसाजस्ता जघन्य अपराधहरुको अन्त्य एवम् न्यूनिकरण गरी समाजमा सार्वजनिक शान्ति, सुव्यवस्था, अमन चयम कायम गर्दै मानव अधिकार र मौलिक हकहरुको पूर्ण बहाली मार्फत समतामूलक, न्यायपूर्ण र अग्रगामि सोच सहितको समृद्ध समाजको निर्माण गर्न घोषणा र निर्णय विपरित मदिराजन्य पदार्थको आयात, बिक्रि वितरण, ओसारपसार, गैरकानूनी उत्पादन र सेवन गर्ने कार्यसँग संलग्न व्यक्ति एवम् त्यसका सहयोगी र मतियारहरुलाई कानून बमोजिमको अधिकतम सजाय र जरिवाना गर्न आवश्यक देखिन्छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :- गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थ उत्पादन, बिक्रि वितरण, सेवन, आयात रोकी स्वस्थ, सफा, शान्त, सुशासनयुक्त र न्यायपूर्ण एवम् समतामूलक समाजको निर्माण गर्न सो कार्यमा संलग्न एवम् त्यस्तो कार्य गर्न उद्योग, दुरुत्साहन वा सहयोग गर्ने व्यक्तिहरुलाई तपसिल बमोजिमको दण्ड सजाय गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

<u>तपसिल</u>

१. कुनै व्यक्तिले नगरपालिक्षेत्रभित्र मदिराजन्य पदार्थको गैरकानूनी ढङ्गले आयात, बिक्रि वितरण, ओसापसार वा गैरकानूनी उत्पादन गरेमा पहिलो पटक भए रु. ५,०००।०० (पाँच हजार रुपैयाँ), दोस्रो पटक भए रु. १०,०००।०० (दश हजार रुपैयाँ) र तेस्रो पटक भए रु. १५,०००।०० (पन्ध्र रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।

२. कुनै सर्वसाधारण व्यक्तिले मदिराजन्य पदार्थको सेवन गरी होहल्ला गरी वा लैङ्गिक हिंसा वा झैझगडा गरी वा गाली बेइज्जति गरी सार्वजनिक शान्ति, सुरक्षा, अमनचयनमा खलल पुऱ्याएमा वा पुऱ्याउन खोजेमा पहिलो पटक भए रु ३,०००।०० (तीन हजार रुपैयाँ), दोस्रो पटक भए रु ४,०००।०० (चार हजार रुपैयाँ) र तेस्रो पटक भए रु ५,०००।०० (तीस हजार रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कार्यान्वयन गरी मदिराको कारण सिर्जित समस्या, विकृति र विसङ्गति, समाजमा घटेका हत्या, बलत्कार, यौनजन्य, घरेलुजस्ता हिंसाजस्ता जघन्य अपराधहरुको अन्त्य एवम् न्यूनिकरण गरी समाजमा सार्वजनिक शान्ति, सुव्यवस्था, अमन चयम कायम गर्दै मानव अधिकार र मौलिक हकहरुको पूर्ण वहाली मार्फत समतामूलक, न्यायपूर्ण र अग्रगामि सोच सहितको समृद्ध समाजको निर्माण गर्न घोषणा र निर्णय विपरित मदिराजन्य पदार्थको आयात, विक्रि वितरण, ओसारपसार, गैरकानूनी उत्पादन र सेवन गर्ने कार्यसँग संलग्न व्यक्ति एवम् त्यसका सहयोगी र मतियारहरुलाई कानून बमोजिमको अधिकतम सजाय र जरिवाना गर्न आवश्यक देखिन्छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :- गैरकानूनी ढङ्गले मदिराजन्य पदार्थ उत्पादन, बिक्रि वितरण, सेवन, आयात रोकी स्वस्थ, सफा, शान्त, सुशासनयुक्त र न्यायपूर्ण एवम् समतामूलक समाजको निर्माण गर्न सो कार्यमा संलग्न एवम् त्यस्तो कार्य गर्न उद्योग, दुरुत्साहन वा सहयोग गर्ने व्यक्तिहरुलाई तपसिल बमोजिमको दण्ड सजाय गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

<u>तपसिल</u>

१. कुनै व्यक्तिले नगरपालिक्षेत्रभित्र मदिराजन्य पदार्थको गैरकानूनी ढङ्गले आयात, बिक्रि वितरण, ओसापसार वा गैरकानूनी उत्पादन गरेमा पहिलो पटक भए रु. ५,०००।०० (पाँच हजार रुपैयाँ), दोस्रो पटक भए रु. १०,०००।०० (दश हजार रुपैयाँ) र तेस्रो पटक भए रु. १५,०००।०० (पन्ध्र रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।

२. कुनै सर्वसाधारण व्यक्तिले मदिराजन्य पदार्थको सेवन गरी होहल्ला गरी वा लैङ्गिक हिंसा वा झैझगडा गरी वा गाली बेइज्जति गरी सार्वजनिक शान्ति, सुरक्षा, अमनचयनमा खलल पुऱ्याएमा वा पुऱ्याउन खोजेमा पहिलो पटक भए रु ३,०००।०० (तीन हजार रुपैयाँ), दोस्रो पटक भए रु ४,०००।०० (चार हजार रुपैयाँ) र तेस्रो पटक भए रु ५,०००।०० (तीस हजार रुपैयाँ) जरिवाना र कानून बमोजिमको अन्य सजाय ।



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
सम्पर्क नं. ०८८४०११४६

९. सरोकारवाला सबै निकायसँग आवश्यक समन्वय र परामर्श गरी मदिराजन्य पदार्थको नियन्त्रण र व्यवस्थापनको लागि यथाशिघ्र कानून तर्जुमा गरी आगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।

..............................
रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत